कावासोती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखा)

शिवमन्दिर, नवलपरासी (ब.सु.पू.)

गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७८/०७९

च.न. ४८९

मितिः २०७८/०८/०१

श्री वडा अध्यक्ष ज्यू,
वडा कार्यालयहरु सबै ।

**विषय : माटो जाँच शिविर सन्चालन सम्वन्धमा ।**

प्रस्तुत विषयमा कावासोती नगरपालिका कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखा र **KHETI** को प्राविधीक सहयोगमा तपसिलको मिति, स्थान र समयमा निशुल्क माटो जाँच शिविर सन्चालन हुने भएकोले ताँहा वडा भित्रका व्यवसायिक र खाद्यान्न बाली खेती गरेका कृषकहरुलाई माटोको नमुना संकलन गरी सम्वन्धित स्थानमा जम्मा गराउनका लागि सूचना प्रवाह गरिदिनुहुन अनुरोध छ ।

तपसिल

| मिती | स्थान | समय | लाभग्राहीहरु | कैफियत |
|---|---|---|---|---|
| २०७८/०८/०६ | ५ नं. वडा कार्यालय प्राङ्गण | बिहान १०:०० बजेदेखि | वडा नं. १ देखि ६ नं. वडाका कृषकहरु | |
| २०७८/०८/०७ | १० नं. वडा कार्यालय प्राङ्गण | बिहान १०:०० बजेदेखि | वडा नं. ७ देखि १० नं. वडाका कृषकहरु | |
| २०७८/०८/०८ | १२ नं. वडा कार्यालय प्राङ्गण | बिहान १०:०० बजेदेखि | वडा नं. ११, १२ र १३ नं. वडाका कृषकहरु | |
| २०७८/०८/०९ | १४ नं. वडा कार्यालय प्राङ्गण | बिहान १०:०० बजेदेखि | वडा नं. १४, १५ र १६ नं. वडाका कृषकहरु | |
| २०७८/०८/१० | १७ नं. वडा कार्यालय प्राङ्गण | बिहान १०:०० बजेदेखि | वडा नं.१७ नं. वडाका कृषकहरु | |

☎ ०७८ -५४११६०
pskkawasoti@gmail.com

कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(कृषि, पशुपन्छी तथा मत्स्य विकास शाखा)
शिवमन्दिर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७८/०७९
च.न.

मितिः २०७८/०८/०१

## माटो नमुना लिने तरीका

माटोको नमुना लिनु भन्दा पहिला जमिनको छनोट गर्नु पर्छ, सके सम्म सबै जमिनको प्रतिनिधित्व गर्ने हुनु पर्छ ।

१ . माटोको नमुना लिनु भन्दा पहिला नमुना लिने औजारहरु सफा गर्नु पर्छ ।

२. माटो नमुना लिने जग्गालाई V वा Z वा W आकारमा रेखाङ्कन गरेर लिनु पर्दछ ।

३. पहिला नमुना लिने ठाउँको माथिल्लो भागमा भएको झरपात तथा माथिल्लो भागको माटो हटाउने ।

४. भि (V)आकारको २० से.मि. खाडल कोदालोको सहायताले खन्ने र आवश्यकता अनुसार तरकारी तथा खाद्यान्न बालिको लागि १५ देखि २० से मि सम्मको माटो लिनु पर्दछ । भने फलफुलको लागि १ मिटर मुनिको माटो लिनु पर्दछ । संकलन गरेको माटो बाल्टिमा राख्दै जाने

५. जमिनको आकार हेरी जमिनको सबै किसिमको माटो समेटिने गरी कम्तिमा पनि १० देखि १२ वटा उपनमुना लिनु पर्दछ , माटोको उपनमुना लिई एउटा नमुना बनाउनु पर्दछ ।

६. यसरी नमुना लिएको माटोको डल्लाहरु फुटाउने, ढुङ्गा झारपात भए हटाउने राम्रो संग मिलाउने

७. मिलाएको माटो लाई सफा पेपर वा पत्रिकामा गोलो आकारमा फिजाउने र ४ भाग बनाउने र अगाडिको एक भाग र पछाडिको एक भाग हटाउने, माटो १ के जि नपुगे सम्म यो प्रकृया जारी राख्ने ।

८. एक केजि माटोलाई थैलोमा राखेर सेतो कागजमा, नाम ठेगाना, सम्पर्क नम्वर र नमुना लिएको मिति, लगाएको बालि, उत्पादन, सिचाईको अवस्था, लेखेर त्यस भित्र राख्ने ।

०७८ -५४११६०
pskkawasoti@gmail.com